# किन दुख्छ मन ?

किन दुख्छ मन ?
जे गर्दा पनि दुख्छ मन,
जे देख्दा पनि दुख्छ मन ।

कोलुम्बिया फुट्दा होस वा 9–11,
जे देख्दा पनि दुख्छ मन,
मोहन ढल्दा होस वा बिरेंद्र ,
दुख्छ मन ।

अनिस्चित भबिस्य
अर्ध–पराधिन जीवन,
झन दुख्छ मन ।

घर जलि रहेछ,
देश जलि रहेछ,
झन सँधै दुख्छ मन ।

सबै देखेर पनि,
सँधै दुखेर पनि,
लाचार भै केहि गर्न नसक्दा,
झन दुख्छ मन !

–कपिल अधिकारी
ताइपे,ताइवान
Feb 18,2003